GS Spark: Journal of Applied Academic Discourse
Volume 01, Issue 01, 2023, Pg. No. 123-130
OPEN ACCESS

Research https://doi.org/.................................

# नेपालमा भाषायोजनाका प्रभावक तत्वहरूको अवस्था

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस

GS Spark: Journal of Applied Academic Discourse (ISSN: 3021-9329)
Copyright © 2023 The Author(s): Gaurishankar Multiple Campus, Bhimeshwor-3, Charikot, Dolakha, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

**INFO**

**Corresponding Author**
**Hema Joshi**
Ph.D. Scholar
Far Western University,
Kanchanpur, Nepal

**E-mail**
joshihema262@gmail.com

**Orcid**
https://orcid.org/0009-0002-1895-4489

**Date of Submission**
August 07, 2023

**Date of Acceptance**
September 10, 2023

## ABSTRACT (लेखसार)

नेपालमा भाषायोजनाका प्रभावक तत्वहरूको अवस्था शीर्षकको यस लेखमा भाषिक विविधता, नेपालमा बोलिने विभिन्न भाषापरिवार अन्तर्गतका भाषाहरू, भाषिक भूगोल र भाषिक वितरणको अवस्था, भाषाको मानकीकरण, राज्यको नीति र अग्रसरता, लिपीको अवस्था, शब्दभण्डार, रोजगारीको अवसर, साहित्यिक समवृद्धिजस्ता उपशीर्षकहरूमा विषयको विश्लेषण गरिएको छ। विश्वका विभिन्न भाषाहरूका माझ नेपाली भाषाको स्थान, शक्ति तथा केही सीमाहरू रहेका छन्। यस भाषाको संरक्षण र संवर्धनका लागि नेपालमा के कस्ता प्रभावकहरू छन् भन्ने मूल समस्यामा यो अध्ययन केन्द्रित छ। राज्यको भाषासम्बन्धी नीतिको अधीनमा रही विद्यमान भाषाको भूमिकाअनुरूप प्रवर्धन गर्न तयार पारिएको कार्य योजना वा कार्यक्रम नै भाषा योजना हो। कुनै पनि राष्ट्र वा समाज त्यसमा पनि बहुभाषिक राष्ट्र र समाजको भाषा सम्बन्धी समस्याहरूको समाधान गरी राष्ट्रिय, स्थानीय, सामाजिक र सांस्कृतिक भाषा निर्धारण तथा स्तरोन्नयन गर्ने आधिकारिक र दीर्घकालीन प्रयासलाई नै भाषा योजना भनिन्छ। भाषायोजना निर्माण, भाषायोजना कार्यन्वयन र भाषायोजनाका मूलभूत उद्देश्य प्राप्तिको निम्ति आवश्यक तत्वहरुलाई नै भाषायोजनाका प्रभावक भनिन्छ। यस्ता प्रभावकहरु अनुकूल भए भने तिनले सकारात्मक प्रभाव पार्छन र भाषायोजनालाई सफल तुल्याउँछन् प्रतिकूल भए भने नकारात्मक प्रभाव पार्छन। पुस्तकालय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोत सामग्री सङ्कलन गरी यिनै सामग्रीको अध्ययन र पुनरावलोकनबाट गुणात्मक अनुसन्धान ढाँचामा विश्लेषित यस अनुसन्धान लेखमा नेपाली भाषा नेपाल देशसँग सम्बन्धित रहेकाले यसको विकास र विस्तारमा भाषायोजनाका प्रभावकहरूको राष्ट्रियस्तरमै भरपर्दो दीर्घकालीन उपयुक्त नीति र योजना बन्नुपर्छ र नेपाली भाषाको सम्मान गर्नु सिङ्गो राष्ट्रको सम्मान हो भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

**शब्दकुञ्जी (Kewyword)** भाषिका, योजना, मानकीकरण, शब्दभण्डार, सञ्जाल

**How to cite this article:** Joshi,, H., (2023). नेपालमा भाषायोजनाका प्रभावक तत्वहरूको अवस्था. *GS Spark: Journal of Applied Academic Discourse.* 1(1), 123-130. https://doi.org/10.5281/zenodo.8374080

## विषय परिचय

योजना भनेको देश, राज्य, समाज वा संघसंस्थाको कुनै पनि क्षेत्र वा शीर्षकमा रहेर विकास र सुधारका लागि तयार पारिने बृहत् दस्ताबेज हो। भाषा योजना भाषाको विकास, संरक्षण तथा संवर्द्धनका निम्ति सरकारी स्तरबाट बनाइने आधिकारिक र दीर्घकालिन योजना हो। भाषा योजनालाई भाषिक नीति र पद्धतिले समेटेको हुन्छ। राष्ट्रले अवलम्बन गरेका भाषिक नीतिलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नको लागि राष्ट्र, राज्य वा कुनै विशिष्ट संस्थाले निर्माण गरेको योजनालाई नै भाषायोजना भनिन्छ। साहित्यको विकास, शिक्षा माध्यमको कार्यान्वयन, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र सुधार आदि सम्बन्धी विस्तृत योजना तयार पारिएको हुन्छ। यसप्रकारको योजनामा कुन कुन भाषालाई कति प्राथमिकता दिने र ती भाषाहरूको प्रयोग, अध्ययन, अनुसन्धान र चिन्तन मननलाई कसरी कार्यान्वयन गर्ने भन्ने बारेमा विस्तृत कार्यक्रम तयार पारिएको हुन्छ। यसरी भाषाको संरक्षण, संवर्धन र विकासका लागि तयार पारिएको नीति नियमलाई प्रयोगात्मक तहमा पुगेर कार्य सम्पादन गरी प्राप्तिको विश्लेषण, संशोधन र आवश्यक परिमार्जन गर्दै जाने कार्य भाषायोजनामा समाहित हुन्छ। भाषायोजनाको प्रयोगको प्रतिफलबाट भाषानीति प्रभावित र परिमार्जित हुने अवस्था सिर्जना हुन सक्छ। भाषायोजनाको कार्यान्वयनको परिणामबाट भावी कार्यदिशा निर्धारण हुन्छ। भाषानीति र भाषायोजना आपसमा अन्तरसम्बन्धित हुन्छन। भाषायोजनाको मूल उद्देश्य भनेको देशका सबै भाषाको विकास गर्दै लोपोन्मुख भाषाको संवर्धनमा थप ध्यान दिइ विकसित भाषाको कोटिमा पुऱ्याई सबल तुल्याउन र कमजोर भाषालाई माथि उठाई स्तरीकरण, कोडीकरण एवम् प्रायोगिक विस्तार गर्ने प्रक्रियालाई कार्यान्वयनको तहमा लैजानु हो।

## अध्ययन विधि

प्रस्तुत लेखमा पुस्तकालयीय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोतहरुबाट सामग्री सङ्कलन गरिएको छ। गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा उपलब्ध अभिलेख सामग्रीहरुबाट तथ्यहरुको सङ्कलन, व्याख्या र विश्लेषण गरी निचोडमा पुगिएको छ। अभिलेख सामग्रीहरुमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, समीक्षात्मक तथा अनुसन्धानात्मक लेखहरु संलग्न छन्। यिनै सामग्रीको विश्लेषणबाट निष्कर्ष निकालिएको छ।

## भाषायोजनाका प्रभावकहरू

भाषायोजना भनेको भाषाको विकास, संरक्षण तथा संवर्द्धनका निम्ति संस्थागत वा सरकारी स्तरबाट गरिने आधिकारिक र दीर्घकालीन प्रयास हो (पौडेल र भट्टराई, २०७७ : पृ.६०)। यसमा देशको भाषिक स्थितिको अध्ययनका आधारमा भाषिक विकास एवम् संरक्षण र संवर्धनसम्बन्धी निर्णय गर्ने, नीति–निर्धारण गर्ने, कार्यक्रम बनाउने आदि कुराहरु सम्बद्ध हुन्छन्। भाषानीति र योजना बहुभाषिक समाजमा भाषाहरुको भूमिकालाई ध्यानमा राखेर राष्ट्रभाषा, आधिकारिक भाषा, क्षेत्रीय भाषा, प्रादेशिक भाषा, अन्तराष्ट्रिय भाषाको निर्धारण गर्न आवश्यक हुन्छ। भाषायोजना निर्माण, भाषायोजना कार्यान्वयन र भाषायोजनाका मूलभूत उद्देश्य प्राप्तिको निम्ति आवश्यक तत्वहरुलाई नै भाषायोजनाका प्रभावक भनिन्छ। यस किसिमको भाषा निर्धारण गर्नमा थुप्रै प्रभावक तत्वहरुले प्रभाव पारेको हुन्छ जसलाई निम्नअनुसार चर्चा गरिएको छ।

### भाषिक विविधता

एउटा भाषाभित्र विभिन्न रुप देखिनुलाई भाषिक विविधता भनिन्छ। नेपाल बहुभाषी, बहुजाति तथा बहु संस्कृति भएको मुलुक हो। यहाँ भाषिक विविधता पाइन्छ। एउटै भाषामा विविधता देखिनु कुनै नयाँ र नौलो कुरा होइन। भाषाका विविध रुप भन्नाले औपचारिक र अनौपचारिक, मानक र अमानक, स्तरीय र सामान्य, कथ्य र लेख्य, साहित्यिक र व्यक्ति भाषा, स्थानीय र क्षेत्रीय, शहरिया र ग्रामीण अनेक भेद भएको पाइन्छ। यो नेपाली भाषाको मात्र भेद होइन, अन्य भाषाको पनि तिनै साझा प्रवृति पाइन्छन्। यी भाषिक भेदहरुमा उच्चारण प्रकृया, उच्चरित ध्वनि, प्रयुक्त शब्द, व्याकरणका विभिन्न कोटिहरु लिङ्ग, वचन, पुरुष आदिका तहमा नै पृथकता र भिन्नता देखिन्छ। यसरी भाषिक विविधता ल्याउनमा समय र भौगोलिक अवस्था आदिले अहम् भूमिका खेलेको पाइन्छ यातायातको प्रचुर सुविधा, शिक्षाको विकास र सञ्चारका साधन आदिको पनि गहन भूमिका देखिन्छ। यस्तै वक्ता र श्रोता, सन्दर्भ र विषय, समय र क्षेत्र, जनसंख्या, चेतना, पेसा, व्यवसाय, बसाइँ–सराइँ, सम्पन्नता र विपन्नता, युद्ध र शान्ति, राजनैतिक, सामाजिक, आर्थिक सांस्कृतिक एवम् धार्मिक कारणले पनि महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। नेपालको भौगोलिक विकटता, पूर्व मेचीदेखि पश्चिम महाकाली, भोट मधेस र पहाड र उपत्यका आदि विभिन्न ठाउँमा बसोबास गर्ने वक्ताको शारीरिक र मानसिक

अवस्थाले भाषामा विविध रुप देखिन्छ। भाषा परिवारका दृष्टिले हेर्दा नेपालमा बोलिने भाषा निम्नानुसार रहेका छन्:

**नेपालमा बोलिने विभिन्न भाषापरिवार अन्तर्गतका भाषाहरू**

१) **भारोपेली**: नेपाली, मैथिली, भोजपुरी, अवधि, थारू, डोटेली, बज्जिका, उर्दू, राजवंशी, हिन्दी, माझी, दनुवार, बङ्गाली, राजस्थानी, अङ्गिका, दरै, कुमाल, बोटे, पन्जाबी, अङ्ग्रेजी, संस्कृत, सिन्धी, कोचे, हरियान्वी, मगही, कर्माली, मुसलमान, ताजपुरिया, खस, अछामी, बैतडेली, जुम्ली, बझाङी, दैलेखी, डडेल्धुरेली, बाजुराली, दाचुरेली, खस आदि।

२) **चिनियाँ तिब्बती**: नेवारी, गुरूङ, तामाङ, लिम्बू, तिब्बती, शेर्पा, जिरेल, कागते, ल्होमे, डोल्पा, छितुरीङ, ल्होके, लेप्चा, घले, थकाली, मनाङ, पूर्वी केके, छन्तेल, व्याँसी, मगर, राजी, राउटे, पश्चिमी तामाङ, बुजा, दुरा, खाम, चेपाङ, थामी, भ्रँमु, हायु, पहरी, धिमाल, मेचे, कुसुण्डा, राई, किराँती, सुनुवारी, पहारी आदि।

३) **आग्ननेय**: सतार वा सन्थाली।

४) **द्रविड**: द्रविड उराउ (झाँगड)र किसान।

५) **एकल**: कुसुन्डा।

स्रोत: भाषा आयोगको प्रतिवेदन, २०७५

## भाषिक भूगोल र भाषिक वितरणको अवस्था

नेपालमा पहिलोपटक राष्ट्रिय भाषा नेपाली बाहेक अन्य भाषाहरुलाई प्रदेशस्तरमा सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्न सक्ने भाषा आयोगले नेपालको संविधानको धारा ७ को उपधारा ९३० बमोजिम सरकारी कामकाजको भाषाको रुपमा सिफारिस गरेको छ। वि.सं.२०७८ को जनगणना अनुसार नेपालमाबोलिने भाषाको सङ्ख्या १२४ पुगेको छ। नयाँ थपिएकाभाषामा मारेक (याक्खा) र नावा शेर्पा रहेका छन्। यसअगि भाषा आयोगले २०७५/७६ को अध्ययन प्रतिवेदन अनुसार ६ वटा भाषा थपिएका थिए। राना (कञ्चनपुर), नार फु (मनाङ), चुम (स्यार) गोरखा, पाइके (डोल्पा), सेराके(सेके) (मुस्ताङ), नुब्री, लार्के गरी ६ भाषा थपिएका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा बोलिने भाषाको संख्या १२३ वटा थियो। यिनीहरूमध्ये सबैभन्दा बढी जाति र वक्ताले बोल्ने भाषा नेपाली हो। यो भाषा परम्परादेखि समृद्ध, राष्ट्रभाषा, सरकारी कामकाजको भाषा, साझा सम्पर्क भाषा, पठनपाठनको माध्यम भाषाको भूमिकामा रहँदै आएको छ। जस्तै पूर्वमा बोलीने नेपाली र पश्चिममा बोलिने नेपालीमा केही फरक छ। भौगोलिक कारणले गर्दा हरेक ठाउँमा बोलिने भाषाको लवजमा फरक हुन्छ। जस्तो स्तरीय नेपालीमा जाउँ भन्ने शब्दलाई पूर्वतिर जुमजुम भनिन्छ भने पश्चिमतिर जामजाम भनिन्छ। भौगोलिक कारणले गर्दा पहाडमा बसेका मान्छेको उच्चारण अलि कसिलो, सुरिलो हुन्छ भने तराईतिर बसेका मान्छेहरुको उच्चारण अलि धोद्रे किसिमको खुलेको हुन्छ। यसको कारण हावा पानी र वातावरण नै हो। पहाडको प्रकृति र तराईको प्रकृतिमा फरक छ। पहाडतिर चिसोका कारण उच्चारण अङ्गहरू कम खुलेका हुन्छन् भने तराईतिर गर्मी भएका कारण बढी खुलेर स्वर धोद्रो भएको हुन्छ। यस्तै कारणले गर्दा भाषाको उच्चारणमा फरक आएको हुन्छ।

नेपाली भाषा सर्वत्र एकैनासले बोलिदैन। यसका क्षेत्रीय भेदहरु छन्। विशाल क्षेत्रमा धैरै जनसंख्याद्वारा व्यवहृत हुने भाषाका ठाउँ–ठाउँमा बेग्लाबेग्लै विशेषताहरु देखिन्छन्। भाषिक क्षेत्रमा भौगोलिक–सामाजिक वातावरणले भिन्नता ल्याउँछ। विशेषत: भौगोलिक स्थितिको विकटताका कारण आवगमनमा बाधा उत्पन्न हुन्छ र ठाउँनैपिच्छे भाषामा फरकपन देखिन थाल्छ। नेपाली भाषाका सुदूरपश्चिमदेखि सुदूरपूर्वसम्म अनेक प्रकारका स्थानिय भाषिकाहरु देखापरेका छन्। यसरी भाषाको स्थानीय भेदहरु देखापर्नका लागि भौगोलिक विस्तारमात्र पर्याप्त हुँदैन त्यसका लागि समयको पनि आवश्यकता पर्दछ। स्थानको विकटताले भए पनि त्यस ठाउँमा समयको लामो अन्तराल छैन भने त्यहाँ भाषिक उपभेद सृजना हुन सक्दैन। यसरी कुनै पनि भाषाका उपभाषिकाको निर्माण हुनाका लागि भौगोलिक वातावरण, समयको अन्तराल, उक्त क्षेत्रका इतर भाषाभाषीसितको बढ्दो सम्पर्क तथा वक्ताहरुको संख्या आदिले प्रत्यक्ष प्रभाव पार्दछ।

भाषायोजनाका प्रभावक तत्वहरु मा भौगौलिक दुरी भाषिक भेद देखिने प्रमुख कारण हो कुनै एक ठाँउमा विकसित भएको भाषाको प्रचारप्रसार समान रुपले सबै ठाँउमा हुन नसक्ने हुँदा भाषिक भेद जन्मन पुग्छ। यदि भौगोलिक दूरताको स्थिति छ वा भौगोलिक बनोट भिन्न भिन्न प्रकृतिको छ भने भाषिक समुदायका बिचमा सम्पर्क कम हुँदै जान्छ र भाषिक भेद जन्मन पुग्छ। विभिन्न प्राकृतिक प्रकोपका कारण समुदायका बीचमा सम्बन्ध विच्छेद भएमा एउटै भाषिक समाजमा प्रयोग हुने एउटै

भाषामा पनि विविधता पाउन सकिन्छ (पौडेल र भट्टराई, २०७७:पृ.६०) । त्यस्तै गरी भू- वनोट, हावापनी, दुर्गमता, सुगमता आदि भौगोलिक कारणले पनि भाषिकाको सृजना हुन्छ।

**भाषाको मानकीकरण**

भाषा विकास प्रक्रियामा लेख्यीकरण पछि भाषा मानकीकरण को आवश्यकता हुन्छ। भाषा मानकीकरणका लागि सम्बन्धित भाषाका वैकल्पिक प्रयोगहरु मध्ये कुनै एकको छनोट हुन्छ । भाषामा विभिन्न सामाजिक तथा क्षेत्रीय भेदहरु हुन सक्छन् । भाषाका विविध भेदहरु मध्ये सर्वस्वीकार्य, जीवन्त र सामर्थ्यवान भेदको छनोट उपयुक्त हुन्छ। यिनै अनेक भेद मध्ये कुनै एकलाई बढी महत्व दिई औपचारिक मान्यता प्रदान गरी विस्तारित र प्रतिष्ठित गराउने कार्य भाषाको मानकीकरण हो । भाषाको मानकीकरणले भाषाको विकास र कार्यक्षमतामा बढवा दिन्छ । भाषा स्तरीकरण वा मानकीकरणका प्रक्रियामा लिपि छनोट, व्याकरण प्रकाशन, शब्दकोश निर्माण, पत्रिकाहरु प्रकाशन तथा अन्य वैयक्तिक एवम् संस्थागत प्रयासहरु पर्दछन् । संसारमा भाषा मानकीकरणका प्रक्रिया र परिणामहरु एउटै पाइदैनन् । पुनर्जागरण समयदेखि नै युरोपमा भएका भाषा मानकीकरणका प्रक्रियामा सहर केन्द्रित मध्यमवर्गीय शिक्षितहरुको बोलीबाट विकसित हुनु, मानक भाषाको अवस्था अन्य भाषाका तुलनामा सामान्य लेख्य माध्यम बन्नु, स्तरीय भाषाको स्वीकृत नमुना साहित्य प्रयोगमा कुनै एक लेखक वा लेखक समूहले सेवा गर्नु, मानक भाषाले धार्मिक वा राष्ट्रिय पहिचानको प्रतीकका रुपमा सेवा गर्नु विशेषताको रहेको पाइन्छ । यसरी भाषा मानकीकरणमा मध्यम वर्गीय शिक्षित बोलीलाई प्राथमिकता दिनुका साथै सर्वस्वीकृत भाषिक रुपको खोजी र व्याख्या गरिन्छ । मानकीकृत भाषालाई सम्पर्क भाषा, राष्ट्रभाषा, कार्यालयीय भाषा र शैक्षिक संस्थानको शिक्षणीय भाषाका रुपमा प्राथमिकता दिइनुका साथै लिपिसुधार, हिज्जे सुधार, कोडहरुको विस्तार, व्याकरण निर्माण, शब्दकोश निर्माण तथा भाषाको मान्यताका लागि व्यापक प्रचार–प्रसार प्रक्रियामा समेत अगाडि बढाइन्छ (लम्साल, २०६५ : पृ.२)।

भाषाका विविध भेदहरु मध्ये सर्वस्वीकार्य, जीवन्त र सामर्थ्यवान भेदको छनोट गरी औपचारिक मान्यता प्रदान गर्ने तथा विस्तारित र प्रतिष्ठित गराउने कार्यलाई भाषाको मानकीकरण भनिन्छ। मानकीकरणमा छनोट, कोडीकरण, विस्तरण, स्वीकरण आदि यसको आधारभूत प्रक्रिया हुन् । साथै वर्णविन्यासमा सुधार, व्याकरण र शब्दकोश निर्माण, शिक्षा, सञ्चार, मनोरञ्जन र विज्ञानप्रविधिका हरेक क्षेत्रमा विस्तार गरी सर्वस्वीकार्य वा मान्यता प्राप्त बनाउनु नै भाषा मानकीकरणका प्रक्रिया हुन् । नेपाली भाषाको मानकीकरणमा पनि यी सबै प्रक्रियाहरु अवलम्बन गरिएको छ। भाषा वा भाषिकाको यही विस्तारित रुप नै मानक वा स्तरीय भाषा मानिन्छ। स्तरीय भाषा व्यापक क्षेत्रमा फैलिने हुनाले धेरै वक्ताहरुले प्रयोग गर्नुका साथै ज्ञान विज्ञान र साहित्यिक सिर्जनाको माध्यम बन्न पुग्छ। भाषाको मानकीकरणमा राज्यको भाषानीति, भाषायोजना र भाषा वैज्ञानिकहरुको महत्वपूर्ण भूमिका रहन्छ।

**राज्यको नीति र अग्रसरता**

देश भित्र बोलिने सबै भाषाहरूप्रति राज्यले गर्ने व्यवहारको मार्गदर्शन नै भाषा नीति हो। कुनै देशमा बोलचाल वा प्रयोगमा आउने जति भाषा छन्, ती सबै भाषाहरूलाई राज्यका कुनकुन कामका लागि रोज्ने अथवा राज्यले कुन भाषाप्रति कस्तो व्यवहार गर्ने भन्ने नीतिलाई नै त्यस देशका सरकारको भाषा नीति भनिन्छ। देशमा रहेको भाषिक स्थिति नै भाषा नीति निर्माणको आधार हो राष्ट्का सबै भाषाहरूको संरक्षण, संवर्धन र विकास गर्नु, सरकारी कामकाजको भाषा निर्धारण गर्नु, भाषासम्बन्धी अध्ययन गरी आवश्यक सिफारिस गर्न उपयुक्त र आधिकारिक निकायको व्यवस्था गर्नु, भाषा योजना निर्माणको आधार तय गर्नु, औपचारिक मञ्च र निकायमा प्रयोग गरिने भाषा सुनिश्चित गर्नु, शिक्षाको माध्यम भाषा निर्धारण गर्नु, राज्यको भाषिक विशेषतालाई न्यायपूर्ण ढङ्गले सम्बोधन गर्नु जस्ता उद्देश्यमा आधारित भई भाषा नीति तय गरिएको हुन्छ।

राज्यमा बोलिने सबै भाषाले मान्यता पाउनु पर्छ । संविधानले भाषिक पक्षलाई समेटेको भने नेपालको संविधान २०१५ देखि हो। यसमा नेपालको राष्ट्रभाषा नेपाली हो भन्ने उल्लेख छ। पञ्चायतद्वारा जारी संविधान २०१९ मा नेपाली नागरिकता लिन नेपाली भाषा जान्नु पर्ने प्रावधान राखिएको पाइन्छ। यसले राज्यको एकभाषिक नीतिलाई पुष्टि गर्दछ । २०४६ को जनान्दोलनको उपलब्धी स्वरूप प्राप्त, नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाल बहुभाषिक देश हो भन्ने यथार्थ स्वीकार गरेको छ। उक्त संविधानले नेपाली भाषा नेपालको राष्ट्रभाषा हुने स्पष्ट किटान गरी नेपालमा बोलिने अन्य सबै भाषालाई राष्ट्रिय भाषाको दर्जा दिएको थियो । नेपालको अन्तरिम संविधानले नेपालमा बोलिने

सबै भाषाहरूलाई राष्ट्रभाषा हुन भन्दै सम्पूर्ण भाषालाई समान महत्त्व दिने नीति अख्तियार गरेको थियो। नेपालको संविधान २०७२ ले पनि सोही व्यवस्थालाई निरन्तरता दिएको छ। २०७२ को संवैधानिक व्यवस्था अनुरूप देश संघीय र प्रादेशिक संरचनामा गएको छ। प्रादेशिक भाषिक विशेषता र आवश्यकता अनुरूप प्रदेश सरकारले लिने भाषिक नीतिका सन्दर्भमा र नयाँ संरचना अनुरूप राज्यले अपनाउनु पर्ने भाषिक नीतिका सम्बन्धमा भाषा आयोगको सिफारिस अनुरूप हुने संवैधानिक व्यवस्था छ। सोअनुरूप हाल आयोग क्रियाशील छ । मुलुकमा भाषाको संख्या बढेको एक अध्ययनले देखाएको छ । भाषा आयोगको प्रतिवेदन २०७६/०७७ अनुसार नेपालमा बोलिने भाषाहरुको संख्या १३१ पुगेको छ।


**लिपिको अवस्था**

लिपिको परिपेक्ष्यमा नेपालका राष्ट्रिय भाषाहरुलाई हेर्दा अधिकांश भाषाहरु देवनागिरी लिपिमा लेखिने गरिएको पाइन्छ। नेपाली भाषा देवनागिरी लिपिमा सरकारी कामकाजको भाषा हो। अभिव्यक्तिलाई अभिलेखमा राखिने भाषा लेख्य हो । लेख्य भन्ने बित्तिकै त्यसको सम्बन्ध लेखनका लागि आवश्यक लिपि चिह्नहरुसँग हुन्छ। त्यसमा वर्ण र अन्य सङ्केत व्यवस्था पर्दछन् । बोल्दा वर्णहरुका समूहको ध्वन्यात्मक उच्चारण हुन्छ। त्यसको आफ्नै गति, यति र लय हुन्छ। त्यससँगै मनोदशाको अभिव्यक्ति पनि हुने गर्दछ । अर्थात् मान्छेले रिसाउँदाको भाषा र खुसी हुँदाको भाषा भिन्न हुन्छ। त्यस्तै दया प्रकट गर्दा र तर्साउँदा बेग्लै भाषा हुन्छ। त्यसलाई भाषाको सामान्य परिभाषाबाट बुझिने भन्दा प्रायोगिक भाषाका रूपमा बुझ्नु उपयुक्त हुन्छ।

त्यही बोलीचालीको अर्थात् कथ्य भाषा कहिले आन्तरिक रूपबाट नै र कहिले प्रकटीकृत रूपबाट पनि लेख्य भाषामा रूपान्तरण हुन्छ। त्यसो गर्दा वर्ण र अन्य सङ्केत व्यवस्थाका चिह्न लेखनमा आउँछन् । तिनको सम्बन्ध अभिव्यक्तिकारको मनसँग हुन्छ। त्यस्ता चिह्नले मनको भाषालाई मनोसामाजिक अवस्थासँग तालमेल गर्दै लेख्य भाषामा प्राण सञ्चार गर्दछन्। हरेक भाषा लेखनका लागि लिपि अनिवार्य हुन्छ तर संसारमा जति भाषा छन् त्यति नै लिपि छैनन्। अर्थात् एउटा लिपि एकभन्दा बढी भाषाका लागि प्रयोग हुने हुन्छ। नेपाली भाषा लेखिने देवनागरी लिपि नेपालीका अतिरिक्त संस्कृत, मैथिली, भोजपुरी, हिन्दी, मराठी, प्राकृत आदि भाषाको पनि लिपि हो। तर यी भाषामा प्रयोग हुने देवनागरी लिपिमा पनि केही भिन्नता छ। रोमन लिपि अङ्ग्रेजी, फ्रेन्च, स्पेनिस, जर्मन, टर्केली आदि भाषा लेखिने लिपि हो।

लिपिहरुका आआफ्नै वर्ण व्यवस्था हुन्छन् र ती कथ्य भाषा वा उच्चारणसँग सम्बन्धित हुन्छन्। त्यसरी उच्चारण गर्दा बोलिने सबै भाषाले अभिव्यक्तिकारको मनोभाषालाई अभिव्यक्त गर्ने हुन् । अर्थात् मनोसामाजिक अवस्थालाई ध्वनि वा चित्रमा उतार्छन्। त्यस्ता ध्वनिका वा मनोदशाका चित्र वर्ण र चिह्नका रूपमा लिखित रूपमा आउँछन्। चिह्न भनेकै सङ्केत व्यवस्था रहेको हुँदा संसारका भाषाहरुमा आवश्यकता अनुरूप र प्रविधिको प्रयोगका आधारमा त्यस्ता चिह्नहरु थपघट भइरहने हुन्छ। उदाहरणका लागि नेपाली लेटर प्रेसमा छपाइका लागि प्रयोग हुने चिह्नहरु कम्प्युटर र अफसेट प्रेसको प्रविधिको विकाससँगै विलुप्त भएका छन् । त्यसैगरी समय परिस्थिति अनुसार विभिन्न चिह्नहरु थप हुन थालेका छन्। जस्तै : सूचना प्रविधिको विकासले सामाजिक सञ्जालका विभिन्न रूपलाई चिनाउने बेग्लै सङ्केत चिह्न छन्। जस्तैः

सामाजिक सञ्जाल फेसबुकमा मनोदशा जनाउन प्रयोग गरिने चिह्नहरु यस्ता छन् :





भाषा विकसित वस्तु हो। भाषा कुवाको पानी जस्तो जम्ने विषय हैन, बग्ने पानी जस्तो हो। बग्ने पानी सङ्लिदै गएजस्तै भाषामा शुद्धता र परिष्कार आउँदै जान्छ। यसले गर्दा यसका नियमहरूमा पनि परिवर्तन हुँदै जान्छ । यसै कारण प्राचीन नेपाली जस्तो थियो, मध्यकालीन र आधुनिक नेपाली त्यस्तो छैन । भानुभक्तकालीन नेपाली भाषा र अहिलेको भाषामा फरक छ । भाषा विकसित हुँदै जाँदा त्यसका नियमहरू पनि परिवर्तित हुँदै जान्छन्। तिनलाई अद्यावधिक गर्दै जानुपर्छ। अद्यावधिक गर्दा केही विवादहरू पनि जन्मन्छन्। केही वर्ष पहिला नेपाली भाषाको वर्णविन्यासलाई लिएर केही विवादहरु आए र अलि चर्कै पनि भए।

## शब्दभण्डार

भाषाको आधारभूत एकाइ शब्द हो। शब्दको एकीकृत वा समष्टिगत रुपलाई शब्दभण्डार भनिन्छ। यसलाई शब्द ढुकुटीका रुपमा पनि चिनिन्छ।



रुपभन्दा ठूलो र पदावलीभन्दा सानो महत्त्वपूर्ण भाषिक एकाइ शब्द हो। शब्दबिना भाषिक कार्य सम्पन्न हुन नसक्ने हुँदा यो भाषाको प्राण हो । नेपाली भाषाको शब्दभण्डार भनेको नेपाली भाषामा भएका सम्पूर्ण शब्दहरुको भण्डार वा ढुकुटी हो । शब्दभण्डार शब्दकोशभित्र सङ्ग्रहीत वा जनजिब्रोमा प्रचलित कोशभित्र नसमेटिएको शब्द सहितको समष्टि रुप हो । प्राय हरेक भाषामा आफ्नो समुदायसँग सम्बन्धित प्रचलित विश्वास, धारणा आदिलाई व्यक्त गर्ने यथेष्ट शब्दभण्डार रहेको पाइन्छ र नयाँ अनुभव व्यक्त गर्ने प्रयास गर्दा पुराना शब्दहरुको अर्थमा परिवर्तन हुने तथा नयाँ शब्दहरुको प्रयोग हुने गरेको पाइन्छ तर कुनै भाषाको कार्यक्षेत्र विस्तार भएको स्थितिमा स्वाभाविक शब्दभण्डारको विकासमा मात्र पर्याप्त यसको योजनाबद्ध विकासको खाँचो पर्छ। जस्तैःसमाजिक सञ्जालमा विभिन्न क्षेत्र सित सम्बन्धित एप्सबाट धैरै शब्दभण्डारको विकास गर्न सकिन्छ।

नेपालमा पनि राष्ट्रिय भाषाहरुको संरक्षण र संवर्द्धन गर्न तथा मातृभाषालाई प्राथमिक तहसम्म शिक्षाको माध्यम बनाउने सकिने संवैधानिक प्रावधान रहेको परिपेक्ष्यमा विभिन्न राष्ट्रिय भाषाहरुमा शब्दभण्डारको क्षमतालाई वृद्धि गर्न उपयुक्त योजना गर्नु पर्ने देखिन्छ तर यस्तो योजनाको तर्जुमा र यसको कार्यन्वयन गर्दा विभिन्न राष्ट्रिय भाषाहरुको भाषिक स्वरुपका साथै सामाजिक आवश्यकता र अभिवृत्तितर्फ पनि समुचित रुपमा ध्यान दिनुपर्छ । मानवले गरेका आजसम्मका विभिन्न उपलब्धीको आधार नै भाषा हो। भाषाकै माध्यमबाट गरिने विज्ञान र प्रवृधिको विकाससँगै भाषा परिवर्तन भइरहन्छ । यसरी परिवर्तित भाषा नै आधुनिक भाषा हो। आधुनिक भाषा सक्षम भाषा पनि मानिन्छ। नेपाली भाषाको जननी भाषा संस्कृत हो। यस्तै नेपाली भाषाका झर्रा शब्द तथा आगन्तुक शब्दहरुबाट नेपाली शब्दभण्डार भरिएको छ । यसरी नै विज्ञान तथा प्रवृधि, शिक्षा, सञ्चार प्रवृधि, कानुन, व्यापार वाणिज्य, राजनीति, इतिहास, पुराण साथै साहित्यसँग सम्बन्धित नेपाली शब्दभण्डारले नेपाली भाषा निरन्तर अत्याधुनिक हुँदै गइरहेको छ। कुनै पनि व्यक्तिमा कति धैरै ज्ञानको भण्डार छ भन्ने कुरा व्यक्तिभित्र रहेको शब्द ढुकुटीको आँकलनबाट थाहा पाइन्छ। शब्द बुझाइका लागि शब्दभण्डार आवश्यक पर्छ।

## रोजगारीको अवसर

जीवन निर्वाहका लागि गरिने काम, इलम, पेसा वा व्यवसायलाई रोजगार भनिन्छ। विश्वमा विविध भाषाभाषी समुदायका मानिसहरुको बसोबास रहेको छ । भाषाका निश्चित क्षेत्रहरु हुन्छन् । मानिसहरुका बीच व्यावहारिक कार्यका सन्दर्भमा एक भाषिक समुदायका मानिसको अर्को भाषिक समुदायका मानिससँग सम्पर्क हुनु स्वाभाविकै हो।

यसरी फरक फरक भाषा बोल्ने मानिसहरुका बीचमा सम्पर्क हुनुलाई भाषिक सम्पर्क भनिन्छ। विश्वमा नयाँ नयाँ खोज हुँदा त्यसको प्रभाव विभिन्न देश तथा त्यहाँका भाषाहरुमा पनि पर्छ। भाषा भाव व्यक्त गर्ने सर्वोत्तम माध्यम हो। भाषाका माध्यमबाट मानिसले विचार, भावना, जीवनशैली आदिमा परिवर्तन गर्दछ। विश्वमा भएको ज्ञानविज्ञानको द्रुत विकास, यातायात र सञ्चारका क्षेत्रमा देखापरेको विश्वव्यापीकरण एवम् समाजको विशिष्टीकरणले भाषामा प्रयोजनपरक भेदको सृष्टि गर्दछ। ज्ञान –विज्ञानका विभिन्न शाखाहरु हुन्छन् र प्रत्येकमा प्रयोग हुने भाषा भिन्न भिन्न खालको हुन्छ।

आफ्नो देशको माटो, पहिचान, स्थानीय झलक र जीवन संस्कृति बुझाउने भाषालाई स्वदेशी भाषा भनिन्छ। यो अघिल्लो पुस्ताबाट पुस्तान्तरित हुँदै आएको हुन्छ। विदेशी भाषा देशभित्रको पहिचान बोकेको नभएर बाह्य मुलुकबाट भित्रिएको भाषा हो। प्रयोग क्षेत्र र वक्ताको संस्कृति स्वदेशी परिवेशभन्दा भिन्न भएका तथा मौलिक जीवनशैली समावेश नभएका भाषालाई विदेशी भाषा भनिन्छ। स्वदेशी भाषामा स्वदेशको स्थानिक, कालिक, ऐतिहासिक, साँस्कृतिक, सामाजिक वा व्यावहारिक चालचलन र रीतिस्थितिको सम्बन्ध गाँसिएको हुन्छ। बाजागाजा, भेषभूषा, सङ्गीत, रोजगार, साहित्य, संस्कार आदिको स्वदेशी समाज अनुकूलको सम्बन्ध भएका र इतिहासमा प्रयोग हुँदै पुस्तान्तरित भएर आएका स्वदेशभित्रका भाषालाई मात्र स्वदेशी भाषा भन्न सकिन्छ।

भाषिक ज्ञान सबैभन्दा महत्त्वपूर्ण कुरा हो। जस्तैः विदेशमा रोजगारीका लागी जाने चाहने कामदारहरुका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको भाषा नै हो। विदेशमा रोजगार तथा अन्य कार्यका लागि हरेक वर्ष तोकिने कोटा पूरा गर्ने मुख्य आधार भनेको भाषा सम्बन्धी परीक्षा हो। उक्त परीक्षामा कसले कति अङ्क ल्यायो भन्दा पनि माग भएको कुल सङ्ख्यामा आफूले प्राप्त गरेको अङ्क पुग्यो वा पुगेन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ विभिन्न देशको भाषा सिक्नका लागि राजधानी काठमाण्डौँ र अन्य प्रमुख शहरहरुमा पर्याप्त रुपमा ल्याङ्वेज सेन्टर खुलेका छन्।

## साहित्यिक समृद्धि

साहित्य भनेको सिर्जनात्मक अभिव्यक्ति हो। यसको सिर्जना प्रतिभाशाली व्यक्तिबाट हुन्छ। साहित्यमा मानिसका जीवनका भोगाइ र अनुभव समावेश हुन्छन्। भाषा यिनै अनुभव र भोगाइबाट विस्तारित हुँदै अगाडि बढ्छ। साहित्यले मानिसलाई सभ्य र सुसंस्कृत बनाउँछ। सामान्यतया साहित्य आनन्द प्राप्त गर्न र शिक्षा आर्जन गर्न सिर्जना गरिन्छ। साहित्यमा ज्ञानको विविध विषयहरु समावेश गरी सम्प्रेषण गरिएको हुन्छ। साहित्यले नैतिक पक्षलाई सबल बनाउने हुनाले यसको शैक्षिक प्रयोजन बढी भएको हो। संसारमा साहित्यलाई शैक्षिक व्यावहारिक र व्यावसायिक रुपले उपयोग गरिएको पाइन्छ।

यो गद्यात्मक र पद्यात्मक गरी शैलीगत दृष्टिले दुई प्रकारको हुन्छ। प्रमुख विधागत दृष्टिले यसका कविता, आख्यान, नाटक र निबन्ध गरी चार भेद छन्। नेपाली साहित्य विश्वका विभिन्न मुलुकहरूमा अनुवाद भएर प्रकाशित भएको छ। अङ्ग्रेजी भाषामा मात्र होइन नेपाली साहित्य जर्मनी, फ्रान्सेली, जापानी, चिनियाँ, रुसी लगायत कैयन् भाषामा अनुवाद भएका छन्। कति सग्लो कृतिका रुपमा प्रकाशित भएका छन्, कति संकलनको रुपमा प्रकाशित भएका छन्, कति फूटकर रुपमा प्रकाशित भएका छन्। तिनले अनुवाद भएर विश्व यात्रा गरेका छन्। प्रवासमा बसेर लेखिएका साहित्यलाई प्रवासी साहित्य, आप्रवासी साहित्य भन्ने पनि गरिन्छ। पछिल्लो चरणमा डायस्पोरिक साहित्यको नामाकरण भएको हो।

मान्छे प्राणीहरूमा सर्वश्रेष्ठ मानिन्छ। प्रकृतिले मानव जातिलाई अन्य प्राणीहरूभन्दा धेरै पृथक् गुणहरू दिएको छ। र, तीन क्षमता पनि दिएको छ– विवेक, कर्मण्यता र वाक्शक्ति। यसका अतिरिक्त केही मात्र मान्छेले पाउने अति विशिष्ट क्षमता हो– प्रतिभा। प्रतिभाले गर्दा नै मान्छेले कलाकारको हैसियत पाउँछ। मान्छे विवेकी प्राणी हो, अर्थात् उसमा बुद्धि र चेतना हुन्छ। असल–खराब, लाभदायी–हानिकारक, मित्र–सत्रु, न्याय–अन्याय छुट्याउन मान्छेको विवेक प्रयोग हुन्छ। परिवर्तनशीलता भाषाको विशेषता हो। अध्ययनका क्रममा हामीले पुरानो भाषा र समसामयिक भाषामा व्यापक भिन्नता पाउँछौं। स्पष्ट व्याकरण र साहित्यका दृष्टिले समृद्ध हुन नसकेका कतिपय भाषा कालान्तरमा लोप भएका उदाहरणहरू भेटिन्छन्। भाषा र साहित्यसँग मानिसको नजिकको सम्बन्ध हुन्छ। भाषा साहित्य सभ्यताको सूचक मात्र नभई देशविदेशमा आफ्नो पहिचान, प्रतिष्ठा र प्रभावको मुख्य आधार पनि हो। त्यसैले पनि भाषा साहित्य हाम्रो मुख्य चासोको विषय हुनुपर्छ।

## निष्कर्ष

नेपालमा बहुभाषिक शिक्षा पद्धतिको विकाससँग रोजगार तथा बालबालिकाको सर्वाङ्गीण विकासलाई जोड्ने नीतिको आवश्यकता रहेको देखिन्छ। लिखित र अलिखित भाषा, सञ्चारको भाषा, शिक्षाको भाषा, बहुभाषिक समुदायको आर्थिक अवस्था तथा चेतनास्तर विकास र रोजगारलाई भाषानीतिगत व्यवस्थापन र योजनामा जोड्नु आवश्यक छ। भाषा परिवर्तनशील हुने भएकाले

नेपाली भाषामा पनि परिवर्तन भएको छ। परिवर्तित नेपाली भाषाको मानकरुप निर्धारणका लागि संस्थागत कार्य गरिनु आवश्यक हुन्छ। नेपाली भाषाले ज्ञानविज्ञानका क्षेत्रमा धेरै उन्नति गरेको छ। यो भाषा आज बहुसङ्ख्यक नेपालीले मातृभाषाका रुपमा प्रयोग गर्छन्। राज्यले नेपाली भाषाको विकास र समृद्धिप्रति चिन्ता र चासो देखाए पनि व्यवहारिक रुपमा तथा नीतिगत रुपमा हेर्दा यस्तो देखिँदैन्। भाषायोजना एकभाषिक तथा बहुभाषिक दुवै प्रकृतिको भाषिक अवस्था तथा तिनको संरक्षण, संवर्धन र विकासात्मक अध्ययनका लागि आवश्यक छ। विशेष गरेर बहुभाषिक मुलुकका लागि सबै भाषाको पहुँच विस्तार गर्न भाषायोजनाको विशेष महत्व रहेको छ। नेपालको सन्दर्भमा भाषायोजनाको मूल उद्देश्य भनेकै भाषाका अवस्था हेरी आवश्यक संरक्षण र विकास तथा विस्तारमा टेवा पुऱ्याउनु नै हो। वर्तमान सन्दर्भमा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई विद्युतीय सामग्रीमा सुरक्षित राखेर वैज्ञानिक व्यवस्थापन गर्दै लैजानु आवश्यक रहेको देखिन्छ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज(२०६७), नेपाली भाषा शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

अधिकारी, चेतन, जनगणनाको राजनीतिक महत्व, २८ फागुन २०७६, गोरखापत्र राष्ट्रिय दैनिक।

ओझा, रामनाथ (२०७१), गुरूङ भाषाको अध्ययन, सम्पदा (भाषा विशेषाङ्क), काठमाडौं : जनसांस्कृतिक महास।

केन्द्रीय तथ्याङ्क विभाग, २०७२, नेपालको राष्ट्रिय जनगणना २०७२, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग

गौतम, भीमलाल, अलमल्ल भाषा आयोग, २२ माघ २०७५, कान्तिपुर राष्ट्रिय दैनिक।

जोशी, हेमा (सन् २०२१), नेपालमा मातृभाषाको अवस्था, बेलायतःसमकालीन साहित्य प्रतिष्ठान, वर्ष ४, अंक २, पृ ५६–६३।

ढकाल, शान्ति प्रसाद (२०६२), नेपाली भाषा शिक्षणःपरिचय र प्रयोग, काठमाडौं : मन कामना बुक्स एन्ड स्टेसनरी।

ढुङ्गेल, भोजराज र दुर्गा प्रसाद दाहाल (२०६७), नेपाली भाषा शिक्षण, काठमाडौं : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स।

नेपालको संविधान २०७२ (२०७२), नेपाल सरकार।

नेपाल परिचय (आठौं सं.२०७७), नेपाल सरकार।

पोखरेल, शैलजा (२०७१), नेपालका लागि आदर्श भाषनीति, शोधमूलक अर्धवार्षिक प्रज्ञा, पूर्णाङ्क ११०, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), नेपालको भाषानीति र योजना आधार, काठमाडौः इन्टेलेक्च्युल बुक प्यालेस।

पौडेल, राजेन्द्रप्रसाद र रमेश भट्टराई, मातृभाषिक गणनामा विदेशी भाषाको प्रवेश, १३ भदौ २०७७, गोरखापत्र राष्ट्रिय दैनिकी।

बन्धु, चूडामणि(२०६६), नेपाली भाषाको उत्पत्ति, काठमाडौं : साझा प्रकाशन।

भण्डारी, पारसमणि (२०७१), भोटबर्मेली परिवारका केही भाषाहरूको सर्वेक्षण, सम्पदा (भाषा विशेषाङ्क ), काठमाडौं : जनसांस्कृतिक महास ।

भट्टराई, रमेश, नेपाली भाषा किन जोगाउने ?, ५ जेठ २०७५, अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक।

भाषा आयोगकको प्रतिवेदन (२०७४), काठमाडौंः भाषा आयोग।

भाषा आयोगकको प्रतिवेदन (२०७५), काठमाडौंः भाषा आयोग।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०६१), नेपालको भाषिक स्थिति, शोधमूलक अर्धवार्षिक प्रज्ञा पूर्णाङ्क १००, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

राष्ट्रिय भाषा नीति सुझाव आयोग(२०५०), राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन, २०५०, काठमाडौं :प्रज्ञा भवन, कमलादी।

लम्साल, रामचन्द्र (२०६५), नेपाली भाषाको मानकीकरण मार्गमा नेपाली व्याकरण, शिक्षा पत्रिका, पृ.१–१४।

लामिछाने, कपिलदेव(२०७१), नेपालको भाषिक अवस्था, शोधमूलक अर्धवार्षिक प्रज्ञा, पूर्णाङ्क ११०, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद(२०६७), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं :विद्यार्थी पुस्तक भण्डार।

शर्मा, तारानाथ (२०७०), सजिलो नेपाली, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।